प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
धनगढी, कैलाली

# सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कार्यकारी निर्देशक नियुक्तिको छनौट तथा सिफारिस (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७७

सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि यो कार्यविधि बनाइएको छ।

१. **<u>दरखास्त आह्वान</u>ः** सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कार्यकारी निर्देशकको पदपूर्तिको लागि १५ (पन्ध्र) दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा दुई पटक अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गरिनेछ।

२. **<u>योग्यता र अनुभवः</u>**

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य वा जनप्रशासन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको।

(२) सरकारी, गैर-सरकारी संस्था वा कुनै बैंक तथा वित्तीय संस्थामा अधिकृतस्तरको पदमा रही कम्तिमा १० वर्ष काम गरेको अनुभव भएको।

(३) ३५ वर्ष उमेर पुरा भई ६० वर्ष उमेर ननाघेको नेपाली नागरिक ।

३. **<u>दरखास्त साथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः</u>**

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर र घर ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानामा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा अनुभवको प्रतिलिपिहरु स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी एक प्रति पेश गर्नु पर्नेछ।

(घ) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवम् दरखास्तसाथ पेश गरेका अन्य कागजातहरुको सक्कल प्रति पेश गर्नु पर्नेछ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
धनगढी, कैलाली

४. <u>दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछः</u>

(क) कुनै राजनीतिक दलको सदस्य नभएको।

(ख) आफ्नो नाममा व्यक्तिगत बेजुरु बाँकी नरहेको।

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको।

(घ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवम् दामासाहीमा नपरेको।

(ङ) नियतवश बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको।

(च) विदेशी मुलुकको स्थायी बसोवासको अनुमति प्राप्त नगरेको।

(छ) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

५. <u>कार्यकारी निर्देशकलाई तोकिएको काम, कर्तव्य र अधिकारः</u>

कार्यकारी निर्देशकको लागि सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष नियमावली, २०७६ र संचालक समितिले समय-समयमा दिएका निर्देशन अनुसारका काम, कर्तव्य र अधिकार हुनेछन्।

६. <u>व्यावसायिक कार्य योजना पेश गर्नु पर्नेः</u>

(१) उम्मेदवारले दरखास्त साथ पेश गर्ने व्यावसायिक कार्य योजना (Business Action Plan) कार्यकारी निर्देशकका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछः

(क) कोषको भूमिका, उद्देश्य र कार्यक्रमहरुका बारेमा जानकारी उल्लेख भएको विवरण।

(ख) सुदूरपश्चिम प्रदेशमा गरिवी निवारणका समस्या, चुनौती र समाधानका उपायहरु।

(ग) लघुवित्तका क्षेत्रका सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण।

(घ) आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि रोजगारी सिर्जना, उत्पादन वृद्धि एवम् बजारीकरण गर्दै बेरोजगारी अन्त्य गर्नका लागि गर्नु पर्ने नीतिगत, संरचनागत र स्रोतगत सुधार योजना।

(ङ) यस कोषको परिचालनबाट सुदूरपश्चिम प्रदेशमा पर्ने आर्थिक, सामाजिक, स्वरोजगार, आर्थिक समावेशिता र आर्थिक समानताका प्रभावहरुको विश्लेषण ।

(२) तयार पारिएको कार्ययोजना तोकिएको मिति र समयमा छनौट सूचीमा परेका उम्मेदवारले प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणका लागि आधा घण्टा (३० मिनेट) समय प्रदान गरिनेछ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
धनगढी, कैलाली
नेपाल

## ७. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अंकभारः

- उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अंकभार र सोको वर्गीकरण तपशिल बमोजिम कायम हुनेछः

  (१) शैक्षिक योग्यता, अनुभव र तालिम -५० अंक
  (२) व्यावसायिक कार्य योजना -२० अंक
  (३) प्रस्तुतीकरण -१५ अंक
  (४) अन्तर्वार्ता -१५ अंक
  **पूर्णाङ्क -१००**

- **उम्मेदवारको शैक्षिक योग्यता, अनुभव तथा तालिम - ५०**

| **(क) शैक्षिक योग्यता -१०** | **अङ्क बाँडफाँड** |
|---|---|
| **(क) स्नातकोत्तर** | |
| प्रथम श्रेणी | ८ |
| द्वितीय श्रेणी | ७ |
| तृतीय श्रेणी | ६ |
| **विद्यावारिधि (थप)** | २ |
| **(ख) तालिम (लघुवित्त बजार, पूँजी बजार, बैंकिंग तथा वित्तीय क्षेत्रसँग सम्बन्धित ३० कार्य दिनभन्दा बढीको) - ५** | |
| प्रथम श्रेणी | ५ |
| द्वितीय श्रेणी | ४ |
| तृतीय श्रेणी | २ |
| (श्रेणी नखुलेको हकमा द्वितीय श्रेणी सरहको अंक प्रदान गरिनेछ।) | |
| **(ग) सम्बन्धित क्षेत्रको कार्य अनुभव - ३०** | |
| १० वर्ष | १५ |
| ११-१५ वर्ष | २० |
| १६-२० वर्ष भन्दा बढी | ३० |
| **(घ) सम्बन्धित क्षेत्रको पदीय अनुभव - ५** | |
| तृतीय श्रेणी | ३ |
| द्वितीय श्रेणी | ४ |
| प्रथम श्रेणी र सो भन्दा माथि | ५ |

- **व्यावसायिक कार्ययोजना मूल्यांकनको आधार** **-२०**

  (क) स्पष्ट धारणा -२

  (ख) सहि सूचना -२

  (ग) विश्लेषण तथा तार्किकता -६

  (घ) सिर्जनशीलता, नेतृत्व र संयोजन -२

  (ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव -६

  (च) लेखन शैली -२

- **व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मुल्यांकनको आधार** **-१५**

  (क) स्पष्ट धारणा -२

  (ख) आत्मविश्वास -२

  (ग) अन्तरक्रिया दक्षता -२

  (घ) प्रस्तुतीकरण -७

  (ङ) समय व्यवस्थापन -२

- **अन्तर्वार्तामा मूल्याङ्कनको आधार** **- १५**

  (क) व्यक्तित्व -२

  (ख) विषय वस्तुको ज्ञान -५

  (ग) सिर्जनशील क्षमता -४

  (घ) उठाइएका विषय सम्बोधन गर्ने क्षमता -४

८. **छनौटका आधार एवम् प्रक्रियाः** मूल्याङ्कन अंक तालिका (छनौटको आधार) दफा ७ मा उल्लेख भए अनुसार हुनेछ। यसका लागि निम्न बमोजिमको प्रक्रिया अपनाइनेछ।

(१) उम्मेदवारको शैक्षिक योग्यता, अनुभव, तालिम र पेश भएको व्यावसायिक कार्य योजनाको परीक्षणबाट प्राप्त अंकको प्राथमिकताको आधारमा उम्मेदवारहरु मध्येबाट बढीमा पाँच जना उम्मेदवारलाई छनौट गरी व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरु मध्ये शैक्षिक योग्यता, तालिम, अनुभव, व्यावसायिक कार्य योजनाको मूल्याङ्कन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अंकको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीन जनालाई कार्यकारी निर्देशक नियुक्तिका लागि सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को दफा १५ को उपदफा (२) बमोजिम समिति समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ।

(३) तीन जनाभन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरुलाई यथावत राखी थप आवेदनको लागि ७ दिनको म्याद दिई पुनःदरखास्त आह्वान गरिनेछ ।

(४) पुनःदरखास्त आह्वान गर्दा उम्मेदवारको आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रिया अगाडि बढाउन सकिनेछ।

९. <u>**व्यावसायिक कार्य योजना (Business Action Plan) प्रस्तुतीकरण एवम् अन्तर्वार्ता परीक्षण सम्बन्धी अन्य व्यवस्थाः**</u>

(१) व्यावसायिक कार्य योजनाको परीक्षण छनौट तथा सिफारिस समितिले गर्नेछ। समितिले आवश्यकतानुसार विज्ञहरुलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अंकको आधारमा औषत अंक निर्धारण गरी व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ।

१०. <u>**छनौट तथा सिफारिस समितिः**</u>

(१) यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति गठन गरिनेछ ।

(क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - संयोजक

(ख) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको - सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको सम्बन्धित विषयविज्ञ - सदस्य

(२) यस समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गर्नेछ।

(३) समितिको सचिवालय सम्बन्धी कार्य मन्त्रालयको प्रशासन शाखाले गर्नेछ।

११. <u>**अन्य व्यवस्थाः**</u> माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि छनौट तथा सिफारिसका लागि आह्वान गरिएको सूचना एवम् सम्पूर्ण प्रक्रिया मन्त्रालयले उपयुक्त ठानेमा जुनसुकै वखत रद्द गर्न सक्नेछ।

१२. <u>**दुविधा भएमा गर्नेः**</u> यस कार्यविधि बमोजिम कार्यकारी निर्देशक छनौट प्रक्रियामा कुनै दुविधा उत्पन्न भएमा समतिले आवश्यक व्याख्या गरी निर्णय गरे बमोजिम हुनेछ।

अनुसूची-१

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष

कार्यकारी निर्देशकको नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको

**पदपूर्ति सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति ..../..../.....

१. **योग्यता तथा अनुभवः**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य वा जनप्रशासन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको।

(ख) सरकारी, गैर-सरकारी संस्था वा कुनै बैंक तथा वित्तीय संस्थामा अधिकृतस्तरको पदमा रही कम्तिमा १० वर्ष काम गरेको अनुभव भएको ।

(ग) ३५ वर्ष उमेर पुरा भई ६० वर्ष उमेर ननाघेको नेपाली नागरिक।

२. **दरखास्त पेश गर्ने प्रक्रियाः**

(क) दरखास्त साथ आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको **website: moeap.p7.gov.np** मा प्रकाशित सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कार्यकारी निर्देशक नियुक्तिको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्य योजना (पाँच हजार शब्दमा नबढ्ने गरी) खामबन्दी गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ। खामबन्दी प्रस्तावको खाम बाहिर "**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष कार्यकारी निर्देशकका लागि आवेदन तथा व्यावसायिक कार्य योजना**" उल्लेख गरेको हुनु पर्नेछ।

३. **व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरणः**

छनौट सूचीमा परेका उम्मेदवारले आफुले पेश गरेको व्यावसायिक कार्य योजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ।

४. **<u>दस्तुरः</u>**

दरखास्त दस्तुर वापत आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको कार्यालय कोड नं.: ........, राजस्व खाताः .......... तथा राजस्व शीर्षकः ...... ,मा जम्मा हुने गरी ........ बैंक, धनगढी शाखामा रू. ३,००० ।–(अक्षरेपी तीन हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

५. **<u>पारिश्रमिकः</u>**

कार्यकारी निर्देशकलाई सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को दफा १५ को उपदफा (९) मा उल्लेख बमोजिम मासिक पारिश्रमिक र अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

६. **<u>पदावधिः</u>**

कार्यसम्पादन करार बमोजिम कार्यकारी निर्देशकको पदावधि ४ वर्षको हुनेछ ।

७. **<u>अन्य विवरणः</u>**

(क) सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कार्यकारी निर्देशक नियुक्तिको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्य योजनामा समावेश गर्नु पर्ने विषयका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलाली **moeap.p7.gov.np** बाट जानकारी लिन सकिनेछ।

(ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको प्रशासन महाशाखा वा टेलिफोन नं. ........ मा सम्पर्क गर्न सकिनेछ।